# थासाङ गाउँपालिकाको

# विनियोजन ऐन, २०७७

गाउँ सभाबाट स्वीकृत मितिः २०७७/०३/१६

थासाङ गाउँपालिका
कोवाङ, मुस्ताङ
गण्डकी प्रदेश

अध्यक्ष

थासाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कोबाङ मुस्ताङ
गण्डकी प्रदेश, नेपाल
२०७३

## थासाङ गाउँपालिकाको विनियोजन ऐन, २०७७

थासाङ गाउँपालिकाको आर्थिक वर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

<u>गाउँ सभाबाट  स्वीकृत मिति : २०७७/०३/१६</u>

<u>प्रस्तावनाः</u>

थासाङ गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

थासाङ गाउँ सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "थासाङ गाउँपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन सम्वत् २०७७ साल श्रावण १ गतेबाट लागू हुनेछ ।

२. <u>आर्थिक वर्ष २०७७/७८ को निमित्त सञ्चितकोष बाट रकम खर्च गर्ने अधिकारः</u>

(१) आर्थिक वर्ष २०७७/७८ को निमित्त गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची -१ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु २८,८०,३८,०५३।- (अट्ठाइस करोड असि लाख अठ्तिस अजार त्रिपन्न रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोष बाट खर्च गर्न सकिने छ ।

३. <u>विनियोजनः</u> (१) यस ऐनद्धारा सञ्चितको बाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/७८ को निमित्त थासाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखाले गर्ने सैवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको

थासाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कोबाङ मुस्ताङ
गण्डकी प्रदेश, नेपाल
२०७३

जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालू तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अध्यक्ष

थासाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कोबाङ मुस्ताङ
गण्डकी प्रदेश, नेपाल
२०७३

अनुसूची–१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

<u>सञ्चितकोषबाट विनियोजन हुने रकम</u>

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालू खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | २ | गाउँ कार्यपालिकाको कार्यालय | रु ३,३३,३४,०३०।१९- | | - | रु ३,३३,३४,०३०।१९- |
| | | वडा कार्यालय | | | | |
| | | बिषयगत शाखा | | | | |

अध्यक्ष